# नेपाल: भूकम्प २०७२


## आवासीय संयोजकको कार्यालय - अवस्था प्रतिवेदन नं ०४

**(१४ बैसाख २०७२ , ७ बजे सम्म)**

यो प्रतिवेदन संयुक्त राष्ट्र संघ आवासीय संयोजकको कार्यालय र अरु मानवीय संस्थाहरुको सहकार्यमा तयार गरिएको हो। यसलाई १४ बैसाख २०७२ गते प्रकाशित गरिएको हो। यसले १३ बैसाखदेखि १४ बैसाखसम्मका घटनाहरू समेटेको छ। अर्को प्रतिवेदन १५ बैसाख अप्रिलतिर प्रकाशित गरिने छ।

## महत्वपुर्ण घटनाहरू

- नेपाल सरकारले १४ बैसाख गते सम्म ३,३५१ जनाको मृत्यु भएको र ६,८३३ जना घाइते भएको जनाएको छ।
- यस भूकम्पबाट ३९ जिल्लाका ८० लाख जना प्रभावित भएका छन्। सो मध्ये २० लाख जना अति प्रभावित ११ जिल्लामा बस्दछन्।
- अति आवश्यक भएका कुराहरूमा खाध्यान्न, पानी, बास तथा औषधि पर्छन। १४ लाख भन्दा बढी मानिसहरूलाई खाध्यान्न को जरुरत छ।
- काठमाडौँ अन्तराष्ट्रिय विमानस्थलमा भिड कम गर्नको निमित्त काठमाडौँ विमानस्थलमा मानवीय सेवा क्षेत्र स्थापना गरिएको छ।




Map Sources: UNCS, Nepal Survey Department, UN-Nepal, USGS, Nepal CBS
The boundaries and names shown and the designations used on this map do not imply official endorsement or acceptance by the United Nations. Map created on 27 April, 2015

| ३३५१ | ६८३३ | ८० लाख |
|---|---|---|
| मृत्यु | घाइते | प्रभावित |
| (१४ बैसाख २०७२ सम्म) | (१४ बैसाख २०७२ सम्म) | (१४ बैसाख २०७२ सम्म) |

## स्थितिको सिंहावलोकन

७.८ रेक्टर स्केलको भूकम्प गएका तीन दिन पछिसम्म पनि नेपालको मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रहरुमा थप साना भूकम्पहरु जानेक्रम जारी भई मानिसहरुको जीवन प्रभावित भई रहेकोछ। धेरै मानिसहरू घर छाडेर बाहिर सुत्ने क्रम जारी छ। अर्को ठुलो भूकम्प आउने हल्लालाई नसुनेर मिलेसम्म मानिसहरूलाई घर फर्कन आग्रह गर्दै २७ अप्रीलमा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशित गरेको छ। (स्रोत: नेपाल इमर्जेंसी अपरेसन सेन्टर http://neoc.gov.np/en/)

विगत २४ घण्टामा नेपाल सरकारले मृतकको सङ्ख्या २,२८८ बाट ३,३५१ पुगेको जानकारी गराएको छ। यहि अवधिमा घाइतेको सङ्ख्या ५,८५० बाट बढेर ६,८३३ पुगेको छ। बिकट गाउँहरूमा खोजतलास तथा उद्दार कार्य शुरु भएपछि यी सङ्ख्याहरू अझै बढ्ने अपेक्षा गरिएको छ।अहिलेसम्म भेटिएका मृतकहरूमा धेरैजसो भक्तपुर, काठमाडौँ र ललितपुरका रहेका छन्।

प्रारम्भिक अनुमान तथा पछिल्लो भूकम्प चाप मापन अनुसार ३९ जिल्लामा ८० लाख मानिसहरू प्रभावित भएका छन्। त्यसमध्ये २० लाख मानिसहरू अति प्रभावित ११ जिल्लाहरू बसोबास गर्दछन्। सन् २०११ को जनगणना आधार लिई तथा नेपालको जनसङ्ख्याको प्रभावित जिल्लाका ५० प्रतिशत मानिसहरूलाई यस भूकम्पले प्रभाव पारेको छ भन्ने नेपाल सरकारको मार्गदर्शनलाई आधार मानेर प्रभावित मानिसको यो सङ्ख्या अनुमान गरिएको हो। न्यून गुणस्तरीय सामग्रीको प्रयोग गरी बाहिरी भित्ता वा जग बनाइएका न्यून गुणस्तरीय तथा कमजोर घरहरूमा बस्ने परिवारहरूलाई पनि यस अनुमानमा समावेश गरिएको छ। प्रभावित जनसङ्ख्याको अनुमान गर्दा भूकम्पको चाप पनि थप आधार मानिएको छ। यस अनुमान केवल आधारभूत तथ्याङ्क तथा मोडलहरूमा आधारित छन्। यि सङ्ख्याहरु केवल साङ्केतिक मात्र हुन् त्यस कारण प्रारम्भिक योजनाको लागि मात्र उपयोग गर्न मिल्छ।

प्रारम्भिक जानकारीअनुसार १४ लाख मानिसहरूलाई खाध्यान्न को जरुरी छ। यस मध्ये ७ लाख ५० हजार मानिसहरू भूकम्पको केन्द्रबिन्दुको नजिक कमसल घरहरूमा बस्छन्। कृषिजन्य जीविकोपार्जन र खाध्य सुरक्षामा यसको असर अति नै बढी हुने अपेक्षा गरिएको छ।

पाल, औषधि, शल्य चिकित्सा सामाग्रीहरू र मृतकहरूलाई हाल्न मिल्ने झोलाहरू तत्काल आवश्यक परेका स्वास्थ्य सम्बन्धी वस्तुहरू हुन्।

काठमाडौँ उपत्यकाको सार्वजनिक जीवन शान्त छ। आज साना किराना पसलहरू खुले पनि ठूला पसलहरू अझै बन्द छन्। पेट्रोल र डिजेलको जगेडा मौज्दात घट्दै जाँदा, कार र ट्रकहरू पेट्रोल पम्पमा लाइन लाग्न थालेका छन्। बैंकहरू अझै बन्द नै छन्। अटोमेटिक बैंकिंङ मेशिनहरू चलिराखेको भए पनि मेशिनहरूमा पैसा थपिंदै गरिएको छैन।

काठमाडौँमा मोबाइल नेटवर्कहरु अझै पनि चलिरहेका छन्। तर नेटवर्क हराउने वा धान्न नसक्ने क्रम चालु छ। NCELL ले ग्राहकहरुलाई हरेक दिन रु २० बराबरको सेवा र ५० वटा SMS सित्तैमा गर्न दिएको छ र नेपाल टेलिकमले छोटो कलहरु सित्तैमा गर्न दिने व्यवस्था गरेको छ।

काठमाडौँभरि सीमित बिजुली सेवा प्रदान गरिएको छ र धेरैजसो घर तथा अफिसहरू बिजुलीको लागि जेनरेटरमा निर्भर भई रहेका छन्।

प्रभावित क्षेत्रहरुका प्रवेश विन्दुहरुमा भिड कम गर्न र जीवन रक्षाका सामाग्रीहरुको ओसार पोसारमा सहजता ल्याउनका लागि काठमाडौँ अन्तराष्ट्रिय बिमानस्थल (जहाँबाट ठूला उद्दार कार्यहरू संचालन भइरहेका छन्) मा मानवीय सेवा क्षेत्र (हुमनिटेरियन स्टेजिङ एरिया) स्थापना गरिएको छ। मुख्यबाटाहरू खुलेका भए पनि शाखा (छेउछाउका) बाटाहरू बन्द छन् र पहुँच योग्य छैनन्।

मौसमविद्हरूले आगामी दश दिनका लागि पानी पर्ने अनुमान गरेका छन्।

# मानवीय सहयोग

## शिविरमा समन्वय र व्यवस्थापन

**सहयोग :**

सरकारले शिविरको रुपमा प्रयोग गर्न काठमाडौं वरिपरिका १६ खुला स्थानहरू पहिचान गरेको छ। सबै १६ साइटहरूमा शिविर राख्न सहयोगको लागि अनुरोध गरिएको छ। काठमाडौं उपत्यकामा पहिचान भएका १६ शिविरहरूको ब्याबस्थापनका लागि एक ६ सदस्यीय थप टोलि आउदैछ।

सशस्त्र प्रहरी अधिनस्त जग्गामा पाँच वटा शिविर क्याम्पहरु स्थापना गरिएको छ। यी शिविरहरूमा पानीको व्यवस्था छ।

## शिक्षा

**सहयोग:**

यस क्लस्टरले बाल-मैत्री स्थानहरूमा मनोबैज्ञानिक तथा सामाजिक सेवा प्रदान गर्न बाल बालिका संरक्षण विशेषज्ञहरूसँग समन्वय गरिरहेको छ।

अति प्रभावित जिल्लाहरूका लागि क्लस्टर सदस्यहरु नियुक्त गरिएको छ। यी सदस्यहरुले जिल्ला शिक्षा अधिकारीसँग विद्यालयहरूमा भएको क्षति र अस्थायी शिविरका लागि प्रयोग भएका विद्यालयहरूको सूचना सङ्कलन गरी सहयोगको समन्वय गर्नेछन्।

प्रभावित समुदायहरूलाई सामजिक एवम् मनोबैज्ञानिक सहयोग; पानी, सरसफाई र शारीरिक हेरचाह (वास); स्वास्थ्य, पोषण; र बाल संरक्षणसम्बन्धी जानकारी प्रदान गर्नका लागि बाल संरक्षण र संचारका सन्देशहरू बनाइदै छन्।

**कमी र अवरोधहरू:**

यो क्लस्टरले जिल्ला शिक्षा अधिकारीहरू सँग र बाल सुरक्षा निकाय सँग काम गरेर बाल मैत्री स्थानहरूमा आवश्यक मानव संसाधन को अनुमान गर्नेछ।

## खाध्य सुरक्षा

**आवश्यकताहरू:**

नेपाल सरकारले काठमाडौं उपत्यकामा खाध्यान्न वितरण गर्ने र क्लस्टरका सदस्यहरुले काठमाडौं बाहिरका जिल्लाहरुमा खाध्यान्न वितरण गर्न खाध्य सुरक्षा क्लस्टरले सहमति जनाएको छ। प्रारम्भिक सङ्केतहरू अनुसार १४ लाख मानिसहरुलाई खाध्यान्नको आवश्यकता परेको छ। यस मध्ये ७ लाख ५० हजार मानिसहरू भूकम्पको केन्द्रबिन्दुको नजिक ग्रामीण घरहरूमा बस्छन्। कृषिजन्य जीविकोपार्जन र खाध्य सुरक्षामा यसको असर अति नै बढी हुने अपेक्षा गरिएको छ।

**सहयोग:**

खाध्यान्न लिएर ट्रकहरू काठमाडौं बाहिरका प्रभावित जिल्लाहरुतर्फ लागेका छन्। खाध्यान्न वितरण २८ अप्रिल २०१५ देखि शुरु हुनेछ।

गोर्खा, लम्जुङ, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, रामेछाप, काभ्रे, भक्तपुर र ललितपुर जिल्लाका लागि चार वटा मूल्याङ्कन टोलीहरू पठाइएका छन्।

**कमी र अवरोधहरू:**

सहयोगका कस्ता कामहरू भइरहेका छन् र गरिएका प्रयासहरूलाई कसरी एकापसमा समायोजन गर्न सकिन्छ भनेर विभिन्न निकायहरूलाई स्पष्ट जानकारी दिनको लागि अन्तर क्लस्टर समन्वयमा जोड दिनु जुरुरी छ।

खाध्यन्यको सुनिश्चितितालागि कुन स्तरको सहयोग आवश्यक छ भनि निश्चित गर्नको लागि भइरहेको जगेडा खाद्यान्नको उपयोगको बारेमा नेपाल खाध्य संस्थानबाट स्पष्ट हुनु जरुरी छ।

## स्वास्थ्य

**आवश्यकताहरू:**

उद्दारका कामहरूमा सहयोग पुर्याउन चिकित्सक लगायतका खोजतलास र उद्धार टोलीहरूको ठुलो भिड लागेको छ। सबैका कामहरूमा समन्वय होस् तथा प्रभावित ठाउँहरूमा सहयोग पुगोस् भनेर सरकारले नेपाल आउने सबै चिकित्सक टोलीहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गर्न अनुरोध गरेको छ।

अस्पतालहरू धान्न सक्ने क्षमता भन्दा बढी संचालनमा आएका छन्। प्रमुख अस्पतालहरूमा आकस्मिक सेवा कक्ष (आई. सी. यू.) ठाउँ खाली छैनन्। शवहरूको व्यवस्थापन गर्न गाह्रो भएकोछ र चिरफारका सुविधाहरूले थेगी रहेका छैनन्। हस्पिटलहरूलाई उपचार सामग्री जस्तै अक्सिजन, र स्वास्थ्यकर्मीहरू खास गरेर शल्यचिकित्सकहरू, हाडजोर्नी बिज्ञहरू र प्यारमेडिकहरूको को खाँचो छ।

मोबाइल अस्पतालहरू २४ देखि ४८ घन्टाभित्र नेपाल आइपुग्ने अनुमान गरिएको छ। संलग्न निकायहरूलाई के चिकित्सा सहयोग उपलब्ध वा के  योजना गरिएको छ भन्नेबारेमा क्लस्टरलाई अद्यावधिक जानकारी दिन अनुरोध गरिएको छ।

**सहयोग:**

केन्द्रीय तहको समन्वय 'आकस्मिक स्वास्थ्य संचालन केन्द्र' (एचइओसी) मा रहेको छ। सहयोग समन्वयका प्रयासहरूलाई टेवा दिन क्षेत्रीय टोली २८ अप्रिल २०१५  मा आउने अपेक्षा गरिएको छ। जिल्ला स्तरमा स्वास्थ्य सम्बन्धी सहयोगको कार्यहरूलाई समन्वय गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बरिष्ठ निर्देशकहरूलाई खटाएको छ। यसको अलावा शहरी विकास तथा भवन निर्माण विभागलाई केन्द्रीय तहका अस्पतालहरूको तुरुन्तै संरचनात्मक लेखाजोखा गर्न अनुरोध गरिएकोछ।

स्वास्थ्य सम्बन्धी सहयोगको कार्यहरूलाई टेवा पुर्याउन गोरखामा राष्ट्रिय चिकित्सकहरूको चार टोली र धादिङमा एउटा अन्तर्राष्ट्रिय चिकित्सक टोली परिचालन गरिएको छ। क्लस्टरले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र केन्द्रीय तहका अस्पतालहरूको लागि १० वटा टेन्ट परिचालन गरेको छ र  उक्त मन्त्रालयको लागि ४ वटा आई. इ. एच. के.  पठाएको छ। विभिन्न अस्पतालहरूलाई ५ वटा शल्य सामग्री बाकस र नेपाली सेनालाई ४५० वटा शव झोला हस्तान्तरण गरेको छ।

## बन्दोबस्त

**आवश्यकताहरू:**

सहयोगका प्रयासहरूमा दोहोरोपना हटाउन र उपलब्ध साधनहरूको अधिकतम उपयोग गर्न  यस्तो ठूलो स्तरको प्रकोप र त्यसलाई सामना गर्न चाहिने बृहत कार्यक्रमको लागि संलग्न मानवीय सहयोग समुदायको बीचमा साधनस्त्रोतको उच्च समन्वय र सुचना को आदानप्रदानमा आवश्यक हुन्छ।

पहाडी भू-बनोट क्षतिग्रस्त पूर्वाधार संरचनाहरू, भाचिएका पुलहरू, र भत्किएका राजमार्गहरूका कारण प्रभावित धेरै क्षेत्रहरूमा पुग्न कठिन भएको जनाइएको छ । मोटर बाटोहरूका बारेमा स्पष्ट जानकारी नहुनाले मानवीय उद्दार सामाग्रीहरू पुर्याउनमा थप कठिनाई हुनेछ।

उद्दार गर्ने समुदायले मानवीय उद्धार सामाग्रीहरू पुर्याउन सकून भनेर निश्चित हुनका लागि आवश्यकताको आधारमा थप उडान तथा गाडीहरु उपलब्ध गराइने छ।

**सहयोग:**
प्रभावित क्षेत्रहरूका प्रवेश विन्दुहरूमा भिड कम गर्न र जीवन रक्षाका सामाग्रीहरूको ओसार पोसारमा सहजता ल्याउनका लागि काठमाडौँ अन्तराष्ट्रिय बिमानस्थल (जहाँबाट ठूला उद्दार कार्यहरू संचालन भइरहेका छन्) मा मानवीय सेवा क्षेत्र (हुमनिटेरियन स्टेजिङ एरिया) स्थापना गरिएको छ।

नेपाल सरकारलाई मद्दत गर्न तथा लोजिस्टिक क्लस्टर संचालनमा सम्पूर्ण समन्वयको निम्ति काठमाडौँमा लोजिस्टिक क्लस्टर कोडिनेसन सेल स्थापना गरिएको छ।

लोजिस्टिक क्लस्टरले आफ्नो विशेष खटाइएका कर्मचारीहरू मार्फत नेपालका सरकारी अधिकारीहरूसँग मिलेर यो क्षेत्रमा उपस्थित राष्ट्रिय र अन्तराष्ट्रिय सेनाका निकायहरुसँग हुने  निजामती-सैन्य अन्तरक्रियालाई समन्वय गर्नेछ।

**कमी र अवरोधहरू:**
७.९ रेक्टर स्केलको पहिलो भूकम्प आए लगायत अरु धेरै ठूला झट्काहरू लगातार आइरहेका हुनाले पहिलो भूकम्पले कम्जोर पारिसकेको योजनाको पूर्वाधारहरू अझै कम्जोर भएर भत्किने सम्भावना बढ्दै छ।

काठमाडौँ बिमानस्थलमा बढ्दो भीडभाडको कारण विदेशबाट आएका राहत सामाग्रीहरू सजिलो संग र छिटो प्रक्रिया हुन नपाउँदा बिदेशी राहत कार्य ढिलो हुन सक्ने सम्भावना छ।

काठमाडौँ शहर र विमानस्थल जोड्ने बाटो खुला र चल्तीमा भएता पनि नेपालका अरू ग्रामिण स्थानहरू सम्म पुग्ने बाटोको स्थिति अझै पनि स्पष्ट छैन।

## पोषण

**आवश्यकताहरू:**
भूकम्पले प्रभावित पाँच वर्ष भन्दा साना बालबालिकाहरु र गर्भवती तथा सुत्केरी महिलाहरुका सङ्ख्या अनुमान गरिएको छ। यस पछिको क्लस्टर मिटिंग २८ अप्रिल २०१५ तारिखमा हुनेछ र त्यस मिटिंगमा यी सङ्ख्याहरुको निर्णय हुनेछ।

**सहयोग:**
क्लस्टर सदस्यहरू सँग पोषण क्लस्टरको कुरा अगाढी सारिएको छ र हरेक जिल्लामा जिल्ला सहयोग मूल संस्थाहरुको पहिचान गरिनेछ। यसको निर्णय पनि अर्को मिटिंगमा गरिनेछ।

**कमी र अवरोधहरू:**
भूकम्प प्रभावित जनताहरू मध्ये सबै भन्दा खाध्यान्न खाँचो भएको मानिसहरुलाई खाध्यान्न पुर्याउन गार्हो हुनेछ र WFP लाई यस सिलिसिलामा मिटिंग गर्न आग्रह गरिएको छ।

## सुरक्षा

**आवश्यकताहरू**:
भूकम्प प्रभावित मानिसहरूलाई तत्काल टेन्ट, स्वास्थ्य हेरचाह र मनोरन्जन समाग्रीको आवश्यकता छ। उनीहरूलाई मनोवैज्ञानिक साथको पनि उत्तिनै खाँचो छ। त्यस्तै सुरक्षित बस्ने ठाउँ, लुगा फाटो, महिला तथा केटाकेटीलाई हुन सक्ने लैंगिक हिंसाबाट सुरक्षा र छुट्टिन पुगेका परिवारलाई एकै ठाउँ लिएर आउनु पर्ने अहिलेको आवश्यकता हो।

**सहयोग**:
महिला तथा बच्चाहरूको दैनिक स्वास्थ्यको लागि अति आवश्यक समाग्रीहरू वितरणको लागि खरिद प्रकृया अघि बढाईएको छ। क्लस्टरले यस्तो अवस्थामा कसरी सुरक्षित रहने विषयमा प्रभावित व्यक्तिहरूलाई विभिन्न ठाउँमा तालिम दिन पनि शुरू गरेको छ।

क्लस्टरका सदस्यहरुले भक्तपुर, लमजुङ, गोरखा र सिन्धुपाल्चोकमा तत्काल बाल मैत्री स्थान (सीएफएस) स्थापना गर्ने कुरामा सहमत भएका छन्।

**कमी र अवरोधहरू:**
सम्पूर्ण प्रभावित जिल्लाहरूको आवश्यकता पूर्ति गर्नका लागि थप साझेदारहरूको खाँछो छ।

## बसोवास

**सहयोग:**
प्रभावित व्यक्तिहरुलाई वितरण गर्न, ७७६० तिरपालहरू जिल्ला व्यवस्थापन केन्द्रहरुमा पठाइएको छ।

## पानी, सरसफाई र शारीरिक हेरचाह

**प्रतिक्रिया:**
क्लस्टर निकायहरूको सहयोगसहित सरकारी निरक्षण टोलीहरू प्रभावित ११ हिल्लाहरुमा पठाइएको छ।

**कमी र अवरोधहरू:**
क्लस्टरलाई यी थप सामाग्रीहरूको आवश्यकता छ: २५००० सरसफाई बाकस, २०००० तिरपाल, २५०० ली. क्षमता भएको ४० वटा ट्यांकी, जमिनभित्रबाट पानी झिक्ने बोरिंग यन्त्र संचालन गर्नका लागि गर्न २ वटा जेनेरेटर। २०००० आक्वा ट्याब्लेट, घरमा पानी राख्ने भाँडा र थप आपतकालीन पम्प र उपकरणहरू।

धादिंग र भक्तपुरमा पानी, सरसफाई र शारीरिक हेरचाहको लागि चाहिने सामग्रीहरुको वितरण कम छ।

## प्रभवित समुदायहरूसंगको संचार

**आवश्यकताहरू:**
क्षेत्र-बिशेष संदेशहरूको विकासमा समर्थन गर्नको लागि प्रभावित जनसङ्ख्याको आवश्यकताहरूको बिस्तृत आँकलन गर्न जरुरि छ। यसको अलावा, सहज संचारको लागि रेडियो लगायतका उपकरणहरू शिविरहरुलाई र समुदायहरुलाई वितरण गर्न आवश्यक छ।

**सहयोग:**

प्रभावित जनसङ्ख्यासम्म पुग्नेगरी, भूकम्पको झट्काहरूको बिषयमा र जनसमुदाय समर्थनको बिषयमा, विभिन्न रडियोहरूमा महत्वपुर्ण सन्देशहरूको कार्यक्रमहरू सुरु गरिएको छ। यस किसिमका कार्यक्रमहरू दैनिक रुपमा प्रसारित हुनेछन् र भविष्यमा दुई-तर्फी बार्तालाप र थप क्षेत्र-बिशेष संदेशहरूको प्रसारण गर्न सकिनेगरि कार्यक्रमहरूको विकास गरिनेछ।

राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्रले रेडियोद्वारा महत्वपुर्ण पूर्ण-सहमति भएका संदेशहरू वितरण गर्न थालेको छ। सन्देशहरू मुख्यत: स्वास्थ्यको बिषयमा केन्द्रित भएपनि, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्रले अरु क्षेत्र-बिशेष संदेशहरुपनि आफ्नो च्यानलहरुद्वारा वितरण गर्नेछ।

**कमी र अवरोधहरू:**

प्रभावित जनसङ्ख्याको आवश्यकताको बारेमा पर्याप्त मात्रामा जानकारी नहुँदा महत्त्वपूर्ण क्षेत्र-बिशेष संदेशहरूको विकासमा असर परेको छ। जानकारी पाउँदैगएपछि साझा सन्देशहरूको बारेमा सहमतिमा पुगिनेछ र क्लस्टरसंग बाँडिनेछ।

प्रभावित समुदायसंग संचाररत सम्पूर्ण निकायहरूको एक अर्कासँगको समन्वय चुनौतीपूर्ण रहँदै आएको हो। फलस्वरुप, भूकम्पीय झड्काहरूको प्रभावको बारे विभिन्न अफवाहहरू समुदायमा फैलिन थालेको छ। खोजी, उद्धार र उपचारको लागि कार्यरत सबै निकायहरूबाट एउटै सन्देश प्रभावितहरूसँग पुर्याउनु र प्रभवातिहरूले सहि सहि जानकारी पाइरहेका छन् भन्ने कुराको सुनिश्चित गर्नु निक्कै गार्हो छ।

## साधारण समन्वय

नेपाल सरकारले उद्धार कार्य को नेतृत्व गरिरहेको छ। राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र संचालनमा छ।

HCT ले राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र, मानवीय समन्वयकर्ता क्षेत्र तथा संयुक्त राष्ट्र संघ को कार्यालयमा समन्वय केन्द्र स्थापना गरेको छ।

संयुक्त राष्ट्र संघ बिपत मुल्यांकन तथा समन्वय शाखाले काठमाडौं विमानस्थलमा स्वागत/आगमन तथा प्रस्थान केन्द्र स्थापना गरेको छ।

नेपाली सेनाले सेनाको मुख्यालयमा बिदेशी सैनिक तत्वहरूसँग समन्वयको लागि बाहु -राष्ट्रिय समन्वय केन्द्र (MINCC ) को स्थापना गरेको छ।

नियमित अनुगमन भेला आयोजना हुने हुँदा cluster को सह नेतृत्वकर्तालाई भेलाको अनलाइन क्यालेण्डर www.humanitarianresponse.info/operations/nepal मा update गर्न प्रोत्साहन गरिन्छ।

दात्री निकाय सहयोग लिने निकाय लगायतका मानबीय सहयोगमा संलग्न सम्पुर्ण साझेदारहरूलाई OCHA को वित्तीय अनुगमन सेवामा (FTS - http://fts.unocha.org) नगद सहयोग बारे जानकारी गराउन fts@un.org इमेल गर्न प्रोत्साहन गरिन्छ।

सबै किसिमका सहयोग तथा अनुदानहरू logik@un.org इमेलमा रिपोर्ट या मार्फत ट्र्याक गरिनु आवश्यक छ। एचसिटीले सरकारको प्रतिकृयाको समर्थनकामा विज्ञप्ती जारी गर्न मस्यौदा तयार गर्दैछ।

**संकटको पृष्ठभूमि**

स्थानीय समयानुसार ११ बजेर छपन्न मिनेट जाँदा काठमाडौं देखि उत्तर पश्चिम तथा चीनको सीमानाबाट दक्षिण पर्ने लम्जुङ्ग जिल्लामा केन्द्रविन्दु भएको ७.८ रेक्टर स्केलको भूकम्प गयो। यस पछि बैसाख १३ गते ६.७ रेक्टर स्केल मापन भएको लगायत दर्ज़नौ भूकम्पीय झड्काहरू गयो।

**थप जानकारीको लागि निम्न व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला:**

मास्सिमो दैआना, massimo.diana@one.un.org, फोन: +९७७ ९८०११४५७००

ओर्ला फगन, fagano@un.org, फोन: +६६ ८९९४४७६२३

थप जानकारीको लागि कृपया www.unocha.org, www.reliefweb.int, www.humanitarianresponse.info/nepal मा जानुहोला

कृपया यस इमेल सुचीमा संलग्न हुन अथवा अलग हुनको लागि massimo.diana@one.un.org मा इमेल गर्नु होला

**In the event of a difference in meaning between the Nepali and English texts, the English shall prevail. This translation was coordinated by a team of Nepali and International volunteers, it is not authoritative or official.**

**नेपाली र अंग्रेजी प्रतिवेदनको अर्थ भिन्न भएमा, अंग्रेजी प्रतिवेदन सहि मनिनेछ। यस अनुबाद एउटा नेपाली तथा अन्तराष्ट्रिय स्वयंसेवकहरुको टोलीद्वारा समन्वित भएको हो र त्यसैले यसलाई अधिकारिक मानिने छैन।**